# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

प. स.०७७/७८ (शिक्षा)
च.नं. ५८६

मिति: २०७७/०६/०९

बिषय: जानकारी सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै।
कपिलवस्तु नगरपालिका

प्रस्तुत विषयमा विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ कार्यन्वयन सन्दर्भमा मिति २०७७/०६/०८ मा बसेको नगर शिक्षा समितिको बैठकको निर्णयानुसार तपसिल बमोजिमको निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन जानकारीका लागि अनुरोध छ।

**तपसिल**

**निर्णय :** प्रस्ताव नं.१ माथि बृहत छलफल गर्दा नेपाल सरकार शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७/०५/१९ को माननीय मन्त्रिस्तरीय निर्णयानुसार स्वीकृत विद्यार्थी सिकाई सहजीकरण निर्देशिका,२०७७ को कार्यन्वयन गर्ने सन्दर्भमा कोभिड – १९ संक्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न शैक्षिक सत्रको अवधिलाई हृदयंगम समेत गरी शिक्षण सिकाई कार्यलाई निरन्तर,प्रभावकारी र व्यवस्थित गर्न वान्छनीय ठानी विद्यार्थी पहिचान,अभिलेखीकरण तथा वर्गीकरणको तथ्यांक विश्लेषण गर्दा अधिकांश विद्यार्थी सबै किसिमको प्रविधिको पहुच भन्दा बाहिर रहेका विद्यार्थी समुह भित्र पर्ने देखिएकाले साथै सरोकारवालाहरुसंगको छलफलको निष्कर्ष बाट विद्यार्थी सिकाई सहजीकरण निर्देशिका,२०७७ दफा ५ को क.४ मा समुदायमा रहेका वा रहने सिकाई केन्द्र मार्फत एकआपसमा भौतिक दुरी कायम गरी बसाई व्यवस्था मिलाई पाठ्यपुस्तक,स्व:अध्ययन सामग्री वा छपाईका सामग्रीहरु प्रयोग गरी शिक्षक वा स्वंसेवक मार्फत सिक्ने , सिकाउने व्यवस्था भए बमोजिम विद्यार्थीहरुलाई स्व:सिकाई (Self-Learning) र स्व:अध्ययन (Self-Study) मा अभिप्रेरित गर्दै सम्बन्धित सिकाई केन्द्रले आफ्नो विद्यालयको विद्यार्थी संख्या ,जनशक्ति र भौतिक सुबिधाको आधारमा साप्ताहिक रुपमा समयतालिका प्रकाशन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य प्रोटोकलको अनिवार्य पालना गर्ने गरी हरेक सिकाई केन्द्रमा बढीमा २५ जना नबढ्ने गरी सिकाई केन्द्रहरु मार्फत विद्यार्थी सिकाई सहजीकरण गर्ने भनि सर्वसम्मति बाट निर्णय गरियो। साथै विद्यार्थी विद्यालयमा भर्ना/ अभिलेखीकरण हुन बाँकि र स्थान्तरित विद्यार्थीहरुलाई असोज दोस्रो हफ्ता सम्म भर्ना/ अभिलेखीकरण गर्न सुचित गर्ने समेत निर्णय गरियो।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा( Website मा Upload गरिदिनुहुन)

०७७/०६/०९

अधिकृत